**निर्णय नं. १ :** मिति २०७५ साल असार ८ गते यस गाउँसभाको बैठकमा सभाका उपाध्यक्ष श्री सरला राईले पेश गर्नु भएको वार्षिक नीति तथा कार्यक्रम र बजेट निम्नानुसार पारित गरियो ।

# श्री

# मिक्लाजुङ गाउँपालिकाको दोस्रो गाउँसभामा उपाध्यक्ष श्री सरला राईज्यूद्वारा प्रस्तुत नीति तथा कार्यक्रम र बजेट

दोस्रो गाउँसभा एवं यस मिक्लाजुङ गाउँपालिकाका अध्यक्ष श्री देविप्रसाद आचार्यज्यू,
आदरणीय अतिथिज्यूहरु,
गाउँ कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू,
यस गाउँपालिकाका सबै वडाहरुको वडाअध्यक्षज्यूहरु,
गाउँ कार्यपालिकाका सदस्यज्यूहरु,
गाउँसभाका सदस्यज्यूहरु,
सम्पूर्ण कर्मचारी साथीहरु,
संचारकर्मी महानुभावहरु,

मिक्लाजुङ गाउँपालिकाको यस गरिमामय गाउँसभामा आ.व. ०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम र बजेट पेश गर्न पाउँदा मैंले धेरै गौरवान्वित महसुश गरेको छु । यस अवसरमा मुलुकको राजनीतिक तथा सामाजिक परिवर्तनका लागि आफ्नो ज्यान नै बलिदान दिने महान शहिदहरु प्रति हार्द्धिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।
प्रदेश नं. १, मोरङ जिल्लाको उत्तर पूर्वी भागमा विविध भौगोलिक तथा सामाजिक विशेषता समेट्दै मिति : २०७३ फाल्गुन २७ गते नेपाल सरकारले साविकका रमितेखोला र टाँडी गाविसका सबै वडाहरु, जाँते गाविसका २ वटा वडाहरु र मधुमल्ला गाविसका ६ वटा वडाहरु मिलाएर मिक्लाजुङ गाउँपालिका घोषणा गरेको हो । यो गाउँपालिकाले १५८.९८ वर्ग किलोमिटर क्षेत्र ओगटेको छ भनें २०६८ सालको जनगणना अनुसार २८,७०८ जनसंख्या रहेको छ ।
लामो समय सम्म स्थानीय सरकारहरु जनप्रतिनिधि विहिनताको अवस्था पश्चात २०७४ असार १४ गते स्थानीय निर्वाचन भई जनप्रनिधिहरु बहाल भएको एक वर्ष गुज्रिएको छ । यस अवधिमा प्रथम गाउँसभाबाट पारित नीति तथा कार्यक्रम र बजेट कार्यान्वय भई परिवर्तनका केही सकारात्मक परिणामहरु देखिएका छन् । जनताको घरदैलोको सरकार स्थानीय सरकार हो । जनउत्तरदायी स्थानीय सरकार मार्फत सुशासन र सुशासनको माध्यामबाट समृद्धि आज जनताले चाहेका छन् । सिमित श्रोत साधन र नयाँ शासकीय अभ्यासमा जनताको यो अपेक्षा पुरा गर्नु चुनौतिपूर्ण भए पनि यसको विकल्प पनि छैन । जनताको माग र अपेक्षा बमोजिमका दीर्घकालीन योजनाको कार्यान्वयन गरी गाउँपालिकाको

समृद्धिको लागि कार्य गर्नु स्थानीय सरकारको पहिलो धर्म हो । विगतको एक वर्ष हामीले यहि कुरा प्राप्त गर्नका लागि खर्च गरेका छौं ।

हाम्रो गाउँपालिका भौगोलिक विविधताका साथै सांस्कृतिक, भाषिक र जातीय विविधताले भरिपूर्ण छ । यो विविधता हाम्रो चिनारी हो, विकास र सामाजिक एकताको आधार पनि हो । भौगोलिक, धार्मिक, सांस्कृतिक, भाषिक र जातीय विविधता, यस गाउँपालिका क्षेत्रमा अवस्थित मिक्लाजुङ डाँडा, चुलीपोखरी क्षेत्रको रमणीयता, लगायतका अति आनन्ददायी स्थानहरुको प्रचार प्रसार गरी स्वदेशी तथा विदेशी पर्यटकको लागि आकर्षक र रमणीय गन्तव्य स्थलको रुपमा विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ । गाउँपालिकाले व्यापक रुपमा बृद्धि गर्न सक्ने आन्तरिक श्रोतको सम्भावना, नेपाल सरकार तथा प्रदेश सरकारले दिने वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानका साथै विभिन्न विकास साझेदारहरुबाट हुन सक्ने लगानीले गर्दा यस गाउँपालिकाले निकट भविष्यमै भौतिक, आर्थिक तथा सामाजिक विकासमा फड्को मार्न सक्ने निश्चित छ । हामी सम्पूर्ण गाउँवासीको सामुहिक प्रयासले यस क्षेत्रलाई अझ सुन्दर, विकसित तथा सम्पन्न गाउँपालिका बनाउन सकिने संभावनाहरु प्रसस्त रहेका छन् । जनताद्धारा निर्वाचित प्रतिनिधिहरुबाट नयाँ संविधानको निर्माण भई विकासका नयाँ सम्भावनाहरुको उदय हुनुले पनि यस क्षेत्रको चौतर्फी विकास हुन सक्ने सम्भावना छ । नेपालको संविधान बमोजिम लोकतन्त्रलाई संस्थागत गर्दै लोकतान्त्रिक मुल्य र मान्यता बमोजिम जनताका चाहना, आकांक्षा एव संघीयताको मर्म अनुरुप स्थानीय सरकारलाई सुदृढ र विकसित गर्नु पर्ने आवश्यकता रहेको छ ।

**आदरणीय गाउँसभाका अध्यक्षज्यू एवं उपस्थित महानुभावहरु,**

अन्य स्थानीय तहहरू जस्तै यो गाउँपालिका पनि विविध सम्भावना अवसर र चुनौतीहरुका विचमा उभिएको छ। प्रदेश नं का विभिन्न जिल्लाहरू साथै छिमेकी देश भारतबाट समेत १ .छोटो समयमानै पुग्न सकिने पर्यटककिय स्थलको सम्भावना भएको, कृषि, पशुपालन, जडिबुट्टी र प्रकृतिक सम्पदाले भरिपूर्ण यस मिक्लाजुङ गा .पा. लाई सडक संजाल निर्माण गरि पर्यटकीय स्थल बनाउन सकिने प्रशस्त सम्भावनाहरू छन्।

जन निर्वाचित प्रतिनिधि मार्फत स्थानीय तहहरु सञ्चालन गर्नु गराउनु पर्दा सेवाग्राही र सेवा प्रदायक दुवैलाई सहज महशुस हुनुका साथै कार्य प्रभावकारिता तथा जनसहभागितामा बृद्धि हुने अपेक्षा गरिएको छ । यस्तो परिवेशमा जनस्तरमा नजिकको सरकारको भूमिका निर्वाह गर्ने स्थानीय तह नै हुन् र हुनु पनि पर्दछ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानमा पहिलो पटक स्थानीय तह र तिनको स्वरुप तथा काम, कर्तब्य र अधिकार समेत स्पष्ट गरिएकोले संघीयताको कार्यान्वयन पश्चात स्थानीय तह मार्फत नागरिकलाई दिईने सेवा सुविधा झन् सरल, सहज, सबैको पहुँचयोग्य र प्रभावकारी हुने अपेक्षा गर्न सकिन्छ । बिगतमा स्थानीय तहको नीति निर्माणमा निर्वाचित स्थानीय निकाय गठन नभएकोले राजनितिक दलहरु तथा स्थानीय सरोकारवालाहरुको राय, सल्लाह र सहमतिमा गाउँपालिकाहरुको नीति, कार्यक्रम तथा योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनको कार्य भैरहेकोमा अब

जननिर्वाचित प्रतिनिधहरु बहाली भैसकेकोले हामीहरु मार्फत उक्त कार्यहरु प्रभावकारी रुपमा हुने विश्वास लिएको छु । विभिन्न योजना, नीति तथा कार्यक्रमहरुको छनौट देखि कार्यान्वयन, अनुगमन मूल्यांकनका हरेक चरणहरुमा बढी भन्दा बढी वर्ग र क्षेत्रको प्रतिनिधित्व हुने गरी यथाशक्य सर्वदलीय/सर्वपक्षीय सहमतिका माध्यमबाट सहभागितात्मक पद्धतिको सिद्धान्तलाई यस गाउँपालिकाले अवलम्वन गर्दै जानेछ । वस्ती/वडा तहबाट छनौट भएका योजनालाई नै प्राथमिकता दिदै योजना छनौट, सञ्चालन, अनुगमन तथा उपलब्धीको बाँडफाँड र उपभोग गर्ने जस्ता जिम्मेवारी जनताका हुन भन्ने विषयलाई यथार्थमा देखाउनु पर्नेछ ।

भौगोलिक रुपमा अधिकांश भुभागहरु पाहाडी क्षेत्र रहेको तर प्राकृतिक स्रोत र साधनको प्रचुर संभावना रहेको यस गाउँपालिकामा भौतिक पूर्वाधार, कृषि तथा पर्यटन क्षेत्रको विकास गर्न थप समन्वयात्मक प्रयास गर्नु जरुरी देखिन्छ । गाउँपालिकाको न्यून आय, विभिन्न स्रोतको पहिचान, उपयोग तथा समुचित व्यवस्थापन हुन नसक्नु, उत्पादनका स्रोत साधनमा समान पहुँच पुग्न नसक्दा महिला, बालबालिका, दलित, आदिवासी जनजाति, अपांगता भएका व्यक्ति तथा पिछडिएको क्षेत्रको आर्थिक सामाजिक स्थितिमा अपेक्षाकृत सुधार आउन नसकेको अवस्थामा स्थानीय सरकारको सबै कार्य र प्रकृयामा त्यस्ता वर्गको समन्याकि सहभागिता बृद्धि गर्दै सामाजिक न्यायका माध्यामबाट समतामूलक समाज स्थापना गर्न थप प्रयास गर्नु पर्ने देखिन्छ । बक्राहा, नुनसरी, मिक्लुक खोला लगायत अन्य खोलाहरुले वर्षेनी गर्ने खेतियोग्य जमिनको कटान, विस्थापित परिवार तथा खोला कै कारण झण्डै बर्षको तीन महिना आवागमनमा सिर्जना हुने अवरोध, भौगोलिक विकटता, बढ्दो जनअपेक्षाका बीच सीमित श्रोत साधन, चुनौतिको रुपमा देखिएका छन् ।

सडक, बसपार्क, ल्याण्डफिल साईट, खानेपानी, ढल निकास, नदी कटान नियन्त्रण, कार्यालय भवन, पार्क उद्यान, सभा हल, भ्यू टावर, विद्युतिकरण, संचार जस्ता गाउँपालिका स्तरीय पूर्वाधारहरुको निर्माण तथा बिस्तार गरी गाउँपालिकालाई अझै बढी व्यवस्थित, सुरक्षित, वातावरण मैत्री बनाउनु चुनौतीको रुपमा रहेको छ । त्यस्तै कमजोर कर क्षमताका करदाता र न्यून कर सहभागिता रहेको यस गाउँपालिकामा करदाता मैत्री, बालमैत्री, अपांग मैत्री, वातावरण मैत्री, लैंगिक मैत्री स्थानीय शासन वहाल गर्नु, जनचेतना जगाउनु, संस्थागत क्षमता  र आयस्रोतको अभिवृद्धि गरी आत्मनिर्भर, सक्षम र सवल स्थानीय तहको बिकास गर्नु, भ्रष्टाचार न्यूनीकरण, सुशासन अवलम्बन, समावेशीकरण, तथा समतामुलक गाउँपालिका स्थापना गर्नु लगायत अन्य समस्या तथा चुनौतीहरु विद्यमान छन ।

**आदरणीय गाउँसभाका अध्यक्षज्यू एवं उपस्थित महानुभावहरु,**

अब म आ.व. ०७५/०७६ मा गाउँपालिकाले अबलम्बन गर्ने वार्षिक नीति तथा कार्यक्रम यस गाउँसभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

**नीति, कार्यक्रम तथा वार्षिक बजेटका उद्देश्यहरु :**

१) **गाउँपालिकाका सबै जनताहरुले भौतिक एवं सामाजिक विकासको प्रतिफल समन्यायिक तरिकाले पाउने खालको संरचनागत तथा प्रकृयागत व्यवस्था गर्ने ।**

२) समावेशीकरण, सहभागिता तथा शसक्तिकरणका माध्यमबाट सामाजिक न्याय कायम गर्ने ।

३) मिक्लाजुङ्ग गाउँपालिकाको योजनाबद्द विकासका लागी एकिकृत विकास योजना तर्जुमा कार्यान्वयनमा ल्याउने ।

४) गाउँपालिकाको आन्तरिक आयमा बृद्धि गर्न करको दायरा फराकिलो र बिस्तार गर्ने । यसको लागि करदाता शिक्षा र करदाता मैत्री वातावरणमा जोड दिने ।

५) वातावरण, सरसफाई र विपद् जोखिम व्यवस्थापनमा सुधार गरी स्वस्थ र सुरक्षित गाउँपालिकाको विकास गर्ने ।

५) स्थानीय भाषा, संस्कृति र सम्पदाहरुको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन तथा विकास गर्ने ।

६) विकासका प्रयासलाई वातावरणमैत्री वनाई दिगो विकासको लक्ष्य प्राप्तिमा सहयोग गर्ने।

७) साहित्य र खेलकुदको विकास मार्फत नागरिकलाई जिम्वेवार र अनुशासीत वनाउने।

८) सार्वजनिक निजी साझेदारी (Public Private Partnership) को अवधारणालाई आत्मसात गरी विकासका कार्यहरु अगाडि बढाउने ।

९) स्थानीय स्तरमा तुलनात्मक लाभका वस्तु र सेवाको पहिचान गरी उत्पादन बृद्धि गर्ने ।

१०) स्थानीय सेवा प्रवाहलाई नागरिक मैत्री र प्रभावकारी बनाई सुशासन वहालीमा सघाउने ।

११) सुशासनयुक्त, समतामुलक, सभ्य र समृद्ध समाजको निर्माणमा पहल गर्ने ।

## (क) भौतिक पूर्वाधार नीति :

- मिक्लाजुङ गाउँपालिका भित्र निर्माण गरिने भौतिक संरचनाहरुलाइ दीगो र गुणस्तरीय बनाउन प्रचलित मापदण्ड अनुसार निर्माण गरिनेछ।
- निर्माण भएका सडकहरूको स्तरोन्नती गरी बाह्रै महिना यातायात चल्ने सडक बनाउन बजेट व्यवस्था गरिनेछ ।
- विकास योजना संचालन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण गर्ने प्रकृयालाई शुरुवात गरिनेछ । रु. पचास लाख भन्दा बढी लागतका आयोजनाहरु कार्यान्वय गर्दा अनिवार्य रुपमा प्रारम्भिक

वातावरणीय परीक्षण गर्नुपर्ने व्यवस्था गरिनेछ भने रु. एक करोड भन्दा बढी लागतका आयोजनाहरुको कार्यान्वयनका क्रममा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था गरिनेछ ।

- भौतिक पूर्वाधार निर्माण तर्फ साना-साना आयोजनाहरु छनौट गर्ने कार्यलाई निरुत्साहित गरिनेछ । वडा स्तरबाट आयोजना छनौट गर्दा रु. एक लाख भन्दा कम लागतका आयोजनाहरु छनौट गर्न नपाउने व्यवस्था गरिनेछ ।
- गाउँपालिका र स्थानीय जनताहरुको लागत सहभागितामा आयोजना संचालन गरी विकासमा जनसहभागितालाई अझ बढाउने कार्यलाई प्रोत्साहित गर्नको लागि आ.व. ०७५/०७६ मा रु. एक करोड पचास लाख रकम विनियोजन गरिनेछ । यसरी लागत साझेदारीमा काम गर्दा उपभोक्ता समितिले गाउँपालिकाको खातामा नै सहभागिता बापतको रकम जम्मा गर्ने व्यवस्था गरिनेछ ।
- बक्राहा, मावा, मिक्लु, सफेवा, नुनसरी, मगरखोला लगायत अन्य खोलाहरुको कटान रोक्नको लागि प्रभावकारी योजना तथा कार्यक्रम संचालन गरिनेछ ।
- सार्बजनिक बाटो अतिक्रमण, सार्वजनिक पर्ति, ऐलानी जग्गाको अतिक्रमण हुने गरी कुनै पनि सार्वजनिक भवन, सामुदायिक भवन लगायत कुनै पनि संघ संस्थाको भवन निर्माण गर्न नपाइने र जुनसुकै प्रकारका भवनका लागि जग्गाधनी प्रमाण पूर्जा अनिवार्य हुनु पर्ने साथै जग्गाधनी प्रमाण पूर्जा विना योजना सम्झौता नगरिने नीति अवलम्बन गरिनेछ ।
- मधुमल्ला-आइतबारे र मधुमल्ला-धानखेती-बेल्टार-चौतारा सडकको बृहत परियोजना प्रस्ताव (DPR) तयार गर्ने कार्य यसै आ.व. मा सम्पन्न गरी आगामी आ.व. मा उक्त सडकहरुको निर्माण कार्यका लागि गाउँपालिकाको आफ्नै श्रोत, प्रदेश सरकार र संघीय सरकारको श्रोत परिचालन गर्न आवश्यक समन्वय र साझेदारी गरिनेछ ।
- मिक्लाजुङ गाउँपालिकाका सबै वडाहरुलाई यातायात सुविधायूक्त बनाउन, साथै मिक्लाजुङ डाँडा लगाएतका पर्यटकिय स्थल सम्म जाने पहुँच मार्गहरू समावेश **गर्दै** गाउँपलिका स्तरीय सडक गुरुयोजना निर्माण गरि सडक निर्माण कार्यलाई ब्यवस्थित वनाईने छ।
- गाउँपालिकाद्वारा संचालन गरिने योजना तथा कार्यक्रमहरु बढीभन्दा बढी जनसहभागिता जुट्ने र लाभान्वित हुने योजनाहरुलाई पहिलो प्राथमिकतामा राखिने छ ।

**(ख) वातावरण, खानेपानी तथा सरसफाई :**

- बिद्यालय, कार्यालय, वस्ती टोल वडा र गाउँलाई वातावरण मैत्री बनाउन सूचकहरू निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- मिक्लाजुङ गाउँपालिका भित्र रहेका पानीका श्रोतहरुलाई संरक्षण गरी स्वस्थ्य खानेपानी सबै वडामा व्यवस्थित गर्ने खालका कार्यक्रम ल्याइनेछ ।
- फोहोरमैला उत्पादनको स्रोतमै उपयुक्त व्यवस्थापन गरी फोहोरमैला बर्गीकरण, फोहोरमैला संकलन र आफुले उत्पादन गरेको फोहोर आफैंले व्यवस्थापन गर्ने परिपाटीको शुरुवात गरिनेछ । **फोहोर गर्नु अधिकार होईन दण्डनीय अपराध हो** भन्ने चेतना समाजमा स्थापना गर्न पर्याप्त कार्यक्रम संचालन गरिनेछ ।
- सरसफाइ र स्वास्थ्य सम्बन्धी वानी ब्यवहार परिवर्तन गर्न स्थानीय सरकारको अगुवाइमा फोहोरमैला व्यवस्थापनको लागि आवश्यक जनचेतनामूलक कार्यक्रम संचाललन गरिनेछ ।

- फोहोरमैला व्यवस्थापन कार्यलाई दिगो तुल्याउन निजी क्षेत्रलाई संलग्न गराई फोहोर व्यवस्थापन कार्यमा साझेदारी प्रणालीको शुरुवात गरिनेछ ।
- यहि २०७५ साल जेष्ठ १७ गते गाउँपालिका खुल्ला दिशामुक्त क्षेत्रको रुपमा घोषणा भई सकेकोले पूर्ण सरसफाईका कार्यक्रमहरुलाई क्रमश संचालन गर्दै **सफा गाउँ मिक्लाजुङ** भन्ने पहिचान स्थापित गरिनेछ ।

## (ग) विपद् व्यवस्थापन तथा भू-संरक्षण नीतिः

- यस मिक्लाजुङ गाउँपालिकाको बिपद् जोखिम ब्यवस्थापन कोषमा आगामी आ.व. ०७५/०७६ मा पनि आवश्यक रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । सो रकमलाई बिपत पूर्बको पूर्ब तयारी, बिपद्को समयमा राहत तथा पुनरस्थापना कार्यमा कार्यक्रम र सो अनुरुपको कार्ययोजना बनाइ खर्च गरिनेछ ।
- विपद् जोखिम व्यवस्थापन कार्यमा स्थानीय समुदाय, सामुदायिक तथा सामाजिक संघ संस्थाहरु, सरकारी निकायहरु, सरोकारवालाहरु र गाउँपालिकाको साझेदारी र सहभागिता अभिबृद्धि गरिनेछ ।

## (घ) विद्युत तथा वैकल्पिक उर्जा नीति

- विद्युत सेवा नपुगेका वडाका वस्तीहरुमा आ.व. ०७५/०७६ भित्र विद्युत विस्तार गर्न आवश्यक रकम विनियोजन गरिनेछ ।
- विद्युत आपुर्ति समस्याको समाधानको लागि वैकल्पिक उर्जाको प्रयोग गरी विद्युत प्रसारणमा देखिएको भारलाई क्रमश कम गरिँदै लगिनेछ ।
- वैकल्पिक उर्जाको अवस्था संभावना र अवसरहरुको अध्ययन गरी विभिन्न गैरसरकारी संघ संस्था र बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, स्थानीय व्यापार प्रबन्ध समिति तथा टोल विकास संस्थाको साझेदारीमा उर्जाको प्रवर्द्धनमा जोड दिईनेछ ।
- पशुपालक कृषकहरुको घरमा बैकल्पिक उर्जाको लागि गोबरग्याँस प्लान्ट संचालन गर्ने कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुको साझेदारीमा सुधारीएको चुलो प्रयोग गर्ने कार्यक्रम संचालन गरिनेछ ।

## (ङ) आर्थिक प्रशासन तथा राजश्व परिचालनः

- आगामी आ.व. देखि गाउँपालिका क्षेत्रमा सम्पत्ती कर प्रणालीको शुरुवात गरिनेछ । कर प्रणालीलाई व्यवहारिक, न्यायोचित, प्रगतिशिल र सुविधायुक्त बनाउने कार्यलाई प्राथमिकता दिईनेछ ।
- गाउँपालिकाको राजस्व वृद्धिका लागि करका नयाँ क्षेत्र पहिचान गरी करको दायराहरुलाई दिगो र फराकिलो पार्दै कर असुलीमा कडाई गरिनेछ ।
- यस गाउँपालिकाका राजस्वका दर तथा क्षेत्र निर्धारण गर्दा प्रचलित ऐन, नियम तथा कार्याविधिको अधिनमा रही राजस्व परामर्श समितिको सिफारिसको आधारमा सम्पत्ति कर, व्यवसाय कर, बहाल कर तथा करका अन्य श्रोतहरुको लगत अद्यावधिक गर्दै लगिनेछ ।

- आन्तरिक आम्दानी बढाई गाउँपालिकालाई आर्थिक श्रोतको दृष्टिकोणबाट दीगो बनाउन कर प्रशासनलाई छिटो, छरितो, पारदर्शि बनाउन कर शाखामा कार्यरत कर्मचारीलाई क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।
- लेखापरीक्षण प्रतिवेदनबाट गाउँपालिकाको आम्दानी खर्चको सम्बन्धमा औंल्याएका बेरुजु रकमको लगत राखी बेरुजु फछ्र्यौट कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ । देखिएका बेरुजु फछ्र्यौट कार्यलाई आर्थिक कारोबारमा संलग्न कर्मचारीको पुरस्कार र दण्ड संग आबद्ध गरिनेछ ।
- गाउँपालिकाको खर्च प्रणालीमा वित्तिय जोखिम न्यूनिकरण गर्नका लागि पर्याप्त सावधानी अपनाईनेछ । आयोजनाहरुको अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन पर्याप्त कानूनी तथा नीतिगत व्यवस्था गरिनेछ ।
- आर्थिक कार्यविधि सम्बन्धी कानून यसै गाउँसभाबाट पारित गरी लागू गरिनेछ ।

(च) **शिक्षा नीति :**

- यस गाउँपालिका क्षेत्र भित्रको समग्र शिक्षा प्रणालिलाई व्यवस्थित गर्न नियमन गर्ने कार्य गरिनेछ । विद्यालयहरुमा अध्ययन अध्यापनको कार्यको निरन्तर अनुगमन गरी सामुदायिक विद्यालयहरुलाई प्रतिष्पर्धी बनाउँदै शिक्षाको गुणस्तर सुधारमा पर्याप्त ध्यान दिईनेछ ।
- उत्कृष्ट शैक्षिक कार्यको नतिजाको आधारमा गाउँपालिका स्तरीय सामूदायिक विद्यालय र शिक्षकलाई तोकिएको मापदण्ड भित्र रही उत्कृष्ट कार्य गर्नेलाई पुरस्कृत गर्ने नीति लिईने छ । विद्यालयको पठन पाठनमा पर्याप्त ध्यान नदिएको कारण विभिन्न तहका नतिजाहरु कमजोर देखिएमा सम्बन्धित प्रधानाध्यापक र शिक्षकलाई नियमानुसारको कारबाही गर्ने नीति कडाईका साथ लागू गरिनेछ ।
- विद्यालयहरुका लागि आवश्यकता अनुसार स्थानीय पाठ्यकम निर्माण गरिनेछ ।
- आगामी शैक्षिक सत्र देखि गाउँपालिका भित्रका केही सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यामबाट पठन पाठन कार्य शुरुवात गरिनेछ ।
- गाउँपालिका भित्र रहेका संस्थागत विद्यालयहरुको शुल्क निर्धाणको लागि मापदण्ड बनाई कार्यान्वयनमा ल्याईनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयमा अध्ययन गरी एस.ई.ई. परीक्षामा सबैभन्दा बढि अंक प्राप्त गर्ने एक जना छात्र र एक जना छात्रालाई पुरस्कृत गर्ने नीति लिईने छ ।
- न्यून विद्यार्थी संख्या भएका विद्यालयहरुलाई विद्यार्थीहको आवागमनलाई ध्यान दिंदै अन्य विद्यालयमा समायोजन गर्ने नीति लिईनेछ । यसबाट बालबालिकाको शिक्षाको सुनिश्चितता गर्न आवासिय विद्यालय तथा विद्यार्थी पारवहन सुविधा उपलब्ध गराईनेछ ।
- बिद्यालय जाने उमेर पुगेका बालबालिकाहरुलाई विद्यालय सम्म पहुँच पुऱ्याउन संचालन गरिने विद्यालय भर्ना अभियानलाई गाउँपालिका क्षेत्रमा अझ प्रभावकारी बनाइनेछ ।
- विद्यायलय उमेर समूहका सबै बालबालिका विद्यालयमा भर्ना भएको सुनिश्चितता गर्दै विद्यार्थी नियमिततामा सुधार गर्न ठोस कार्यकम ल्याईनेछ ।
- विद्यालय समय व्यवस्थापनलाई सुधार गरी समय सापेक्ष सिकाई वातावरण निर्माण गर्ने नीति अबलम्बन गरिनेछ ।

- सामुदायिक सिकाई केन्द्र मार्फत लक्षित उमेर समूहका निरक्षरहरु पहिचान गरी एक व्यक्ति एक साक्षर (Each one, Teach One) सहित साक्षरता अभियान संचालन गरी यस गाउँपालिकालाई साक्षर मिक्लाजुङका रुपमा पहिचान स्थापित गरिनेछ ।
- प्रस्तावित मिक्लाजुङ क्यापसलाई गुणस्तरीय उच्च शिक्षा हाँसिल गर्न सक्ने शैक्षिक संस्थाको रुपमा विकास गरिनेछ । विशेष गरी क्याम्पसको भौतिक संरचना निर्माणमा सहयोग गरिनेछ भनें चालु आ.व. मा कार्यान्वयन गर्न नसकिएको कृषि प्राविधिक विद्यालय संचालनको लागि आवश्यक बजेट सहित व्यवस्था गरी पहल गरिनेछ ।

**(छ) युवा, खेलकुद तथा स्वरोजगार तर्फ**

- गाउँपालिका क्षेत्र भित्रका युवाहरुलाई स्वदेशमै रोजगारी सिर्जना गरी विदेश जानु नपर्ने अवस्थाको निर्माण गरिनेछ, विदेश जानु पर्ने अवस्था भएमा त्यस्ता युवाहरुलाई सिपमुलक तालिम, जान लागेको देशको भाषा, संस्कृति, पाउने सेवा सुविधा सबै विषयमा जानकार गराई सुरक्षित बैदेशिक रोजगारीको अवस्था सिर्जना गरिनेछ ।
- मिक्लाजुङ गाउँपालिकामा एउटा रंगशाला निर्माण गर्ने कार्यको लागि सम्भावित जग्गा र श्रोत पहिचान गरिनेछ भनें यस क्षेत्र भित्र रहेका खेलमैदानको विकास गर्ने कार्यलाई प्राथमिकता दिईनेछ । विभिन्न खेलकुद प्रतियोगिताको लागि गाउँपालिका स्तरीय टिम बनाई प्रतिष्पर्धामा भाग लिन पठाउने कार्यको थालनी गरिनेछ ।
- आगामी ५ बर्ष भित्रमा सबै वडामा एउटा खेल मैदान र पार्क निर्माण गर्ने कार्य पुरा गरिनेछ ।
- युवाहरुको बुद्धि, विवेक, जाँगर र साहसलाई गाउँपालिकाको विकासमा लगाउनको लागि विभिन्न रोजगारमुखी कार्यकमहरु संचालन गरिनेछ । युवाहरुलाई सीपमुलक तालिम मार्फत स्वरोजगार भई आर्थिक रुपमा सबल बनाउने कार्यकम ल्याईनेछ ।
- स्वस्थ र सभ्य नागरिक निर्माण गर्न लागू औषध दुर्व्यसनी तथा अन्य कुलतमा फसेका युवाहरुलाई पुर्नस्थापनाको लागि आवश्यक कार्यक्रम तयार गरी लागू गरिनेछ ।

**(ज) स्वास्थ्य नीति :**

- नेपाल सरकारले निःशुल्क उपलब्ध गराउने भनी निर्धारण गरेका औषधीहरुको सहज उपलब्धताको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- महिला स्वास्थ्य स्वयं सेविकाको मनोबल उच्च राख्न प्रोत्साहनको व्यवस्था गरिनेछ । महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई सिम कार्ड सहितको मोबाईल सेट उपलब्ध गराईनेछ भनें उहाँहरुको नाम र मोबाइल नम्बर समेत गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा सबैले देख्ने स्थानमा राखिनेछ । जसले गर्दा महिला स्वास्थ्य स्वयं सेविकाको सेवा आवश्यक पर्ने गाउँबासीहरुलाई सम्पर्कको लागि सहज हुनेछ ।
- स्वास्थ्य संस्था नभएका वडाहरुमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरिनेछ । यसका लागि संघीय र प्रदेश सरकार समक्ष पहल गरिनेछ ।
- गाउँपालिकामा संचालित प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीको पूर्वाधार विकासमा विशेष ध्यान दिइनेछ ।

- गुणस्तरीय जीवन यापनका लागि परिवार नियोजन दर बढाउने र मातृ शिशु मृत्युदर घटाउन पहल गर्नुका साथै महिला स्वास्थ्य क्लिनिक सेवा सञ्चालन गरिनेछ र भौगोलिक विकटता भएका वडाहरुमा बर्थिङ्ग सेन्टर स्थापनाका लागि पहल गरिनेछ ।
- समाजमा कुपोषित बालबालिकाहरुलाई पोषणयुक्त खाद्यान्न प्रयोगमा ल्याउने वातावरणको सृजना गर्न पहल गरिनेछ । गर्भवती महिला र नवजात शिशुको स्वास्थ्य र पोषणलाई ध्यान दिंदै स्वास्थ्य संस्थामा गर्भवती जाँच गर्न आउने महिलाहरुको पोषणयुक्त खाद्यान्नको व्यवस्था गरिनेछ ।
- स्वस्थ्य सम्बन्धि चेतना जगाउने, राज्यको स्वास्थ्य सम्बन्धि लक्ष्य हासिल गर्न सहयोग पुग्ने कार्यक्रम संचालन गरिने छ ।
- विपन्न परिवारलाई स्वास्थ्य विमा गराउने ब्यवस्था गरिने छ ।

**(झ) वन वातावरण तथा जलवायु परिवर्तन नीति :**

- जलवायु परिवर्तनका असरहरुलाई कम गर्दै स्वस्थ र स्वच्छ वातावरण निर्माण गर्ने तर्फ गाउँपालिकाले ध्यान दिनेछ । नयाँ घर निर्माण गर्ने व्यक्तिले ५ वटा विरुवा अनिवार्य रुपमा रोपेपछि हुर्काउने प्रतिबद्धता गरेपछि मात्र निर्माण सम्पन्न प्रमाणपत्र दिईनेछ ।
- भौतिक पूर्वाधार विकासका कार्यकम संचालन गर्दा रुख काटिने सम्भावना भएमा एउटा काटिएको रुख बराबर ५ वटा रुख रोप्नु पर्ने व्यवस्था लागू गरिनेछ ।
- स्वच्छ वातावरण र जलबायू अनूकुलित विकास व्यवस्थापन गर्न स्थानीय सरोकारवाला तथा उपभोक्ता समिति लाई अभिमुखीकरण र सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकाको उपलब्ध खाली जग्गामा बृक्षारोपण गरी विरुवा हुर्काउने कार्यको लागि सम्बन्धित सरकारी निकाय, सामुदायिक वन उपभोक्ता समूहहरु तथा अन्य सम्बद्ध सरोकारवालाहरु संग समन्वय गरिनेछ ।
- जथाभावी मासु काट्ने र बेच्ने प्रबृति स्थानीय बजारहरुमा देखिएकोले त्यसलाई निरुत्साहित गरी स्वस्थ प्रकृतिको मासु खान पाउने उपभोक्ताको अधिकारलाई सुनिश्चित गर्नको लागि मासु पसल संचालनको मापदण्ड निर्धारण गरी कडाईका साथ लागु गरिने छ ।
- सम्बन्धित सरोकारवाला ब्यक्ति तथा संघ संस्था संग समन्वय गरी यस गाउँपालिकामा प्लाष्टिक झोला प्रयोगलाई निरुत्साहीत गर्दै प्लाष्टिक झोला प्रयोग निषेध गरिनेछ ।
- वातावरण संरक्षणका लागि वातावरण संरक्षण बिशेष कोष खडा गरिएको छ । यस कोषमा रकम जम्मा गर्ने ब्यवस्था समेत गरिएको छ । वातावरण संरक्षण संग सम्बन्धित कार्यक्रम बनाई यस कोषको रकम प्रतिफलमुखी कार्यमा मात्र लगानी गरिनेछ ।
- सीमसार क्षेत्र, जैविक विविधता, पानीको स्रोत संरक्षण गर्ने नीति लिइनेछ ।
- स्थानीय स्तरमा रहेका पानीका मुहान तथा सिमसार क्षेत्र संरक्षण, बाटो घाटो ,सिँचाई कूलो लागायतका भौतिक पूर्बाधारका योजना बनाउँदा भू-क्षय नहुने, सामुदायिक बन अतिक्रमण नहुने, बन वातावरणमा प्रतिकुल असर नपर्ने गरी वातावरण ब्यवस्थापन योजना बनाइ कार्यान्वयन गरिनेछ ।
- वन जंगल, जंगली जनावर, चराचुरुङ्गी र लोपोन्मुख जडीबुटी संरक्षणका लागि विशेष पहल गरिनेछ ।

(ञ) **कृषि तथा पशु पंक्षी विकास नीति :**

- यस मिक्लाजुङ गाउँपालिकाको धेरैजसो भूभागमा बसोबास गर्ने जनताहरु कृषिमा निर्भर रहेको हुँदा कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरण गर्ने कार्यलाई सहयोग पुग्ने किसिमका क्रियाकलापहरु संचालन गरिनेछ ।
- गत वर्ष श्रावण महिनाको बाढीको कारण विभिन्न खोलाहरुले खेतीयोग्य जमिन बालुवाले पुरी क्षती गरेको हुनाले त्यस्ता जमिन खेतीयोग्य जमिनको रुपमा पुनरुत्थान गरिनेछ ।
- नेपाल सरकारको बजेट, नीति तथा कार्यक्रममा घोषणा भए अनुसारका प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम, एक गाउँ एक प्राविधिक लगाएत कार्यक्रमहरुमा गाउँपालिकाले थप गर्दै अपनत्व दिएको छ ।
- कृषि बजार र कृषि सडकलाई प्राथमिकतमा राखि कार्यक्रम तर्जुमा गरिनेछ ।
- ब्यवसायिक कृषकलाई आवस्यक कृषि औजार, सिंचाई, भकारो सुधार, नश्लसुधार, साडे, बोका, राँगा जस्ता आवस्यक पर्ने बस्तुमा अनुदानको ब्यवस्था गरिने छ ।
- कृषि उपजलाई आंशिक वा पुर्ण प्रशोधन गरि ब्राण्ड निर्माण गरी वजारीकरण गर्ने ब्यवस्था मिलाईने छ ।
- योजना छनौट गर्दा स्थानीय शीप, प्रबिधि,जनशक्तिको पूर्ण सदुपयोग हुने, जनसहभागिता जुट्ने, तरकारी फलफुल एवं नगदेवालीको उत्पादनमा बृद्धि हुने आयोजना कार्यक्रमहरुलाई प्रथमिकता दिने नीति लिइनेछ ।
- प्रत्येक वडामा तरकारी संकलन केन्द्र र गाउँपालिका केन्द्रमा शीत भण्डारको व्यवस्था गरिनेछ ।
- प्राङ्गारिक मल प्रयोगलाई बढवा दिईनुका साथै खेतिबालीमा विषदी प्रयोगलाई निरुत्साहित गरिनेछ ।

(ट) **भूमी तथा जलश्रोत सम्बन्धी नीति :**

- गाउँपालिका स्तरीय भू उपयोग योजना निर्माण कार्य यसै आ. व. मा सम्पन्न गरिनेछ । उक्त योजनालाई गाउँसभाबाट पारित गरी सो अनुसार भौतिक पूर्वाधारका योजना निर्माण गरिनुका साथै भूमिको दिगो र योजनाबद्ध उपयोग गर्ने कार्यको थालनी गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा रहेका सरकारी, सार्वजनिक, ऐलानी, पर्ति जग्गाहरुको लगत तयार गरी अतिक्रमण नहुने गरी संरक्षणको व्यवस्था गर्ने कार्यको शुरुवात गरिनेछ ।
- बस्ती बिकाससंगै बढ्दै गएको जग्गाको खण्डीकरणलाई रोकी उत्पादनमूलक कार्यमा लगाउन गाउँपालिका क्षेत्रमा रहेका पानीका श्रोतहरुको संरक्षण गर्दै तिनको दीगो र समानुपातिक एवं बहुपक्षीय उपयोगमा जोड दिइनेछ ।
- गाउँपालिका क्षेत्रमा रहेको सुकुम्बासी समस्या र ऐलानी जग्गा सम्बन्धी समस्यालाई संघीय र प्रदेश सरकार संगको समन्वयमा समाधान गर्न प्रभावकारी कदम चालिनेछ ।

**(ठ) सहकारी गरिबी न्यूनीकरण तथा उद्यमशीलता विकास नीति :**

- गाउँपालिकाका योजना तर्जुमा गर्दा गरिवी निवारणमा सघाउ पुग्ने, रोजगारमूलक, छोटो समयमा सम्पन्न भई प्रतिफल दिने, कम लगानीवाट बढी जनसंख्यालाई लाभ पुर्‍याउने, तथा जनसहभागिता जुट्न सक्ने किसिमका आयोजनालाई प्राथमिकता दिइनेछ।
- सहभागिताको माध्यमबाट ग्रामीण गरिबी न्यूनीकरण एवं सामाजिक पूँजी निमार्ण, लघु उद्यम मार्फत आयआर्जन अभिबृदी गर्ने कार्यक्रम संचालन गरिनेछ।
- सहकारी संस्थाहरू गाउँपालिका मातहत हस्तान्तरण भइ सकेका हुनाले यस्ता संस्थाहरूलाइ नियमन र संचालन गर्न यसै गाउँसभाबाट सहकारी कानून बनाइ कार्यान्वयन गरिनेछ ।
- स्थानीय सहकारीको क्षमता अभिबृद्दि गर्ने ब्यवस्था मिलाईने छ ।
- सहकारी मार्फत व्यवसायी बनाउन विषेश कार्यक्रम ल्याईने छ ।

(ट) पर्यटन तथा संस्कृति नीतिः

- मिक्लाजुङ गाउँपालिकाको पर्यटन विकासका लागी मिक्लाजुङ डाँडा, कोलुङ झरना, हाङसाङ माङहिम, चुलीपोखरी, निसेलुङ, पंचमीडाँडा, वेतेनी सिमसार, देवीस्थान सिमसार, कुईनेटार लगायत यस गा. पा. भित्रका पर्यटक स्थलहरुको सम्भाव्यता अध्ययन गरि पर्यटनको माध्यमबाट गाउँलाई समृद्द वनाउन पर्यटन विकास गुरुयोजना निर्माण गर्ने कार्य चालु वर्षमा सम्पन्न हुने भएकाले उक्त गुरूयेजनाका कान्र्यान्वयन गरिनेछ ।
- गाउँमा पर्यटकलाई आकर्षित गर्न सुविधा बढाउने तथा महोत्सवका कार्यक्रम अगाडी बडाईने छ।सम्भावना युक्त स्थानमा Home Stay कार्यक्रम संचालन गरिनेछ ।
- जात्रा, कला, पर्व, संस्कृति, परम्परा संरक्षणका लागि उपयुक्त कार्यक्रम संचालन गरिने छ।

**(ठ) सुशासन तथा संस्थागत क्षमता विकास नीति**

- नागरिकहरुको आवस्यकता, अपेक्षा तथा गाउँपालिकाको क्षमता समेतलाई ध्यान दिई वडा कार्यालयहरु सवै वडामा आगामी आर्थिक वर्षको शुरुमा नै पुर्याईने छ।
- गाउँपालिकाले दिईने सेवा सुविधा सरल र सहज बनाउदै सेवा प्रवाहामा अत्याधुनिक प्रविधिको प्रयोग वडाईने छ ।
- पारदर्शीता, सुसाशनका लागी बिभिन्न संचार माध्यम सँगको सहकार्यमा नागरिकलाई सुसुचित गर्न र गाउँपालिकाको गतिबिधि सर्वजानीक गर्न कार्यक्रम उत्पादन र प्रसारण गरिनेछ ।
- गाउँपालिकाको आम्दानी तथा खर्चलाई सार्वजनिक गर्ने, सार्वजनिक सुनुवाई गर्ने तथा सामाजिक परिक्षणलाई प्रभावकारी र अर्थपुर्ण बनाईने छ ।

- राम्रो काम गर्ने कर्मचारीहरुलाई कार्यसम्पादनै सूचकको आधारमा पुरस्कृत गरिनेछ भनें सन्तोषजनक कार्य सम्पादन नगर्ने कर्मचारीहरुलाई नियमानुसारको हदै सम्मको कारबाही गरिनेछ ।
- सरकारी निकायहरुबाट जनतालाई उपलब्ध गराइने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको गाउँपालिकाको नागरिक वडापत्रलाई ब्यवस्थित गरिनेछ ।
- विशेष कार्ययोजना वनाई गाउँपालिका शुन्यसहनशीलताको नीति प्रभावकारी रुपमा अबलम्बन गरिनेछ ।
- क्षमता विकासका लागि आवश्यक गोष्ठी, तालिम, प्रशिक्षण कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

**(ड) साझेदार निकायहरूसँग सहकार्य गर्ने नीति :**

- **गाउँपालिकाको** विकास, सौन्दर्य अभिबृद्धि, सडक बत्ति व्यवस्थापन जस्ता कार्यमा स्थानीय उद्योगी व्यवसायिका संघ संस्था तथा त्यस्तै अन्य निकायहरु संगको साझेदारीलाई प्राथमिकता दिईनेछ । यस कार्यमा उपरोक्त निकायहरुको सहयोग र साझेदारीको अपेक्षा लिएकोछ ।

**(ढ) उद्योगः**

- लघु, घरेलु तथा साना उद्योगहरुलाई विशेष प्राथमिकता दिई प्रोत्साहित गरिने छ ।
- व्यापारीक फर्म, पसलको दर्ता, नविकरणा लागाएतका कार्यमा ब्यापार संघ सँग सहकार्य गर्ने कार्यक्रम बनाईने छ ।
- **आगामी आ.व. मा गाउँपालिका भित्रका सबै व्यवसायिहरुलाई गाउँपालिकामा दर्ता तथा नविकरण गरि सक्ने गरी कार्यक्रम अगाडि बढाईनेछ ।**
- **स्थानीय कच्चा पदार्थ र सीपको प्रयोग गरी संचालित उद्योगहरुलाई प्रोत्साहन गरिनुका साथै व्यवसायिक योजनाको आधारमा अनुदान समेत दिने व्यवस्था मिलाईनेछ ।**

**(ण) खानी तथा खनिज :**

- मिक्लाजुङ गाउँपालिकामा भएका खानी खनिज वस्तुको खोज संरक्षण र व्यवस्थापन गर्ने व्यवस्था मिलाईने छ ।
- ढुङ्गा, गिटी, वालुवा, माटो, स्लेट, खरिढुङ्गा, चुन जस्ता खानीजन्य वस्तुको खोज संरक्षण र व्यवस्थापन गर्न व्यवस्था मिलाईने छ ।चालु आ.व. मा गाउँपालिका भित्रका विभिन्न खोला, खहरेहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने कार्य सम्पन्न गरी आगामी आ.व. देखि खोलाजन्य पदार्थहरुको उत्खनन् तथा विक्री वितरणको ठेक्का बन्दोबस्त गाउँपालिकाले गर्नेछ ।
- खानी तथा खनिजपदार्थ सम्बन्धि सूचना तथा तत्थायाङ्क र अभिलेखको ब्यवस्था मिलाईने छ ।

**(त) लक्षित समूह विकास कार्यक्रम :**

**सबै जात जातिका आर्थिक रुपमा बिपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पिछडिएका बर्ग महिला, बालबालिका, दलित, आदिबासी/जनजाति, भिन्न क्षमता भएका व्यक्तिहरु, जेष्ठ नागरिक, मधेसी, मुस्लीम, पिछडा बर्ग, यौनिक तथा लैंगिक अल्प संख्यक लगायत अन्य पिछडिएको बर्ग :**

- समाजमा देखिने महिला हिंसा, दाईजो प्रथा लगाएतका घटनाहरुलाई कम गर्न विभिन्न स्थानमा केन्द्र बनाई सचेतना कार्यक्रम संचालन गरिनेछ । स्वास्थ्य संस्थालाई महिलामैत्री बनाउने कार्यको लागि सहयोग गरिनेछ ।
- महिलाहरुको लागि सशक्तिकरण र नेतृत्व विकास कार्यक्रम संचालन गरी शिक्षा र चेतनाको दृष्टिकोणले पछाडि परेका महिलाहरुलाई सक्षम बनाउने कार्यलाई अझ प्रभावकारी ढंगले संचालन गरिनेछ ।
- चेतनाको कमिको कारण विभिन्न सरकारी तथा गैर सरकारी कार्यालय सम्म पहुँच नपुगेका विपन्न महिला, दलित, आदिवासी जनजाति, अपांग, मधेसी, मुस्लिम, बालबालिका लगाएतका वर्गको लागि बिद्यमान ऐन तथा नीति नियम सम्बन्धि अभिमुखीकरण तालिम कार्यक्रम संचालन गरिने छ ।
- अपांगता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण कार्य अझ प्रभावकारी र सहज बनाईनेछ ।
- जेष्ठ नागरिक एवं बृद्ध बृद्धाहरुका लागि बृद्ध चौतारी निर्माणमा सहयोग गरिने छ । बृद्ध चौतारीमा सबै उमेर समूहका व्यक्तिहरु महिनामा कम्तिमा एक पटक जम्मा भई अनुभव तथा सिकाईहरु साटासाट गर्ने वातावरण निर्माण गरी अन्तर पुस्ता असमझदारी कम गर्ने कार्यक्रम संचालन गरिनेछ । गाउँपालिका भित्रका जेष्ठ नागरिकका लागि सम्मान कार्यक्रम गरिने छ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्य बैंक मार्फत वितरण गर्ने कार्य शुरु भएपछि पनि बैंकहरु संग समन्वय गरी अति अशक्त र ८० बर्ष काटेका बृद्धबृद्धाहरुलाई सामाजिक सुरक्षा भत्ता रकम सम्बन्धित लाभग्राहीको घरमै लगि वितरण गर्ने व्यवस्था मिलाईनेछ ।
- जेष्ठ नागरिकहरुलाई गाउँपालिकाको सम्पत्तिको रुपमा ग्रहण गरी उहाँहरुको अनुभवलाई समाज विकासमा लगाउने वातावरण निर्माण गरिनेछ ।
- अपांगता भएका व्यक्तिहरुको लगत अद्यावधिक गरी सामाजिक सुरक्षाका कार्यक्रमहरु संचालन गरिनेछ ।
- सबै लक्षित वर्गको बजेट तथा कार्यक्रम सीमित र सभ्रान्त वर्गको हातमा पर्न सक्ने जोखिमलाई कम गर्न सावधानी अपनाईनेछ ।
- "सीपमुलक तालिम दक्षताको विकासः रोजगारी सृजना गरिबीको निकास" भन्ने नारालाई कार्यान्वयनमा जोड दिईनेछ ।
- गाउँपालिका क्षेत्रमा गठन भएका बाल क्लबहरुलाई थप सशक्त बनाईनेछ । वाल उद्दान निर्माणको लागि जग्गा व्यवस्थापनको कार्य आगामी आ.व. मा गरिनेछ ।
- बालश्रम शोषण र बालविबाह जस्ता बालबालिकाको हक हनन हुने कार्यलाई निरुत्साहित गर्दै सडक बालबालिकाको व्यवस्थापनका लागि गाउँपालिकाले प्राथमिकताका साथ अगाडि बढाउनेछ ।
- बालबालिकाहरुको शिक्षाको अधिकार सुनिश्चित गर्न हैसियत कम भएका विद्यालयहरुलाई बालमैत्री कक्षा कोठा तथा शौचालय निर्माण र पुस्तकालय व्यवस्थापनमा सहयोग गरिनेछ ।

(थ) **सूचना तथा सञ्चार तर्फ :**

- सूचना जनताको संविधान प्रदत्त मौलिक हक हो । यसलाई कार्यान्वयन गर्नको लागि गाउँपालिकामा गाउँ सूचना केन्द्र स्थापना गरी संचालनमा ल्याईनेछ । जसले गर्दा गाउँपालिका संग सम्बन्धित सम्पूर्ण सूचनाहरु एउटै स्थानबाट पाउने व्यवस्था हुनेछ ।
- यस क्षेत्रमा रहेका छापा तथा इलेक्ट्रोनिक मिडियाको क्षमता विकासको लागि सहयोग गरिनेछ । स्वच्छ, स्वस्थ तथा व्यवसायिक पत्रकारिता विकासको लागि पर्याप्त कार्यक्रम सहयोग गरिनेछ ।
- गाउँपालिकाको सबै क्षेत्रमा संचार सेवा सहज र भरपर्दो बनाउन नेपाल टेलिकम, एनसेल जस्ता निकायहरु लाई अनुरोध गरिनेछ ।
- यस गाउँपालिका क्षेत्र लाई आधार बनाई पत्रकारीता गर्ने पत्रकारहरु मध्ये एक जनालाई बार्षिक रुपमा पुरस्कृत गर्ने नीति कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाको वेभसाईट मार्फत आवश्यक सूचनाहरु जनता समक्ष सार्वजनिक गरिएको छ । गाउँ कार्यपालिकाको कार्यालय लगाएत सम्पूर्ण वडा कार्यालयहरुमा इन्टरनेटको व्यवस्था गर्ने कार्य आंशिक रुपमा पुरा भई सकेको छ । आगामी आ.व. मा सबै वडा कार्यालयहरुमा इन्टरनेट सुविधा जडान गरिनेछ । जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई IT Friendly तालिमहरुको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको मुख्य बजार तथा चोकहरुमा Free Wi Fi Zone बनाउने कार्यको थालनी गरिनेछ ।

(द) **विविध :**

- इलाका प्रहरी कार्यालय, प्रहरी चौकीहरु तथा सशस्त्र प्रहरी बेश क्याम्पहरुको कार्यलाई चुस्त दुरुस्त बनाउने कार्यमा गाउँपालिकाले पर्याप्त ध्यान दिनेछ । शान्ति सुरक्षा कायम गर्ने तथा अपराध नियन्त्रण गर्ने कार्यमा सुरक्षा निकायलाई सहयोग गरिनेछ ।
- अनुभव आदान प्रदान र गाउँपालिकाको द्रुततर विकासको निमित्त देश विदेशका विभिन्न स्थानीय तहहरु संग भगिनी सम्बन्ध कायम गर्ने कार्यलाई अगाडि बढाईनेछ ।

**आदरणीय सभाका अध्यक्षज्यू लगाएत उपस्थित महानुभावहरु,**

**अब म यस गाउँसभा समक्ष आगामी आ.व. ०७५/०७६ को लागि अनुमानित बजेट पेश गर्दछु ,**

आगामी आ.व. ०७५/०७६ को लागि संघीय सरकारबाट वित्तिय समानीकरण अनुदान बापत रु. १०,१७,००,०००।, सशर्त अनुदान बापत रु. १२,४८,००,०००। र राजस्व बाँडफाँड बापत रु. ६,९६,२१,०००। प्राप्त हुने अनुमान छ । त्यसैगरी प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान र राजस्व बाँडफाँड बापत रु. ८९,८८,०००। र सशर्त अनुदान बापत रु. १,००,००,०००। साथै आन्तरिक श्रोतबाट रु. ९९,३०,४५०। (व्याक हो लोडरको भाडा समेत) उठ्ने अनुमान छ भनें प्राकृतिक श्रोतसाधन उपयोग बापत रु. ३,००,००,०००। प्राप्त हुने अनुमान छ । उल्लेखित श्रोतहरुबाट आगामी आ.व. मा जम्मा रु. ३५,५०,३९,४५०। गाउँपालिका संचित कोषमा जम्मा हुने अनुमान छ । यस बजेट मध्येबाट गाउँ कार्यपालिकाको कार्यालयको लागि रु. १६,११,४२,१६०। वडा समितिहरुको लागि रु. ३,८०,००,०००। र विषयगत शाखाहरुको लागि रु. १५,५८,९७,२९०। विनियोजन गरिएको छ ।

उल्लेखित विनियोजन चालु तर्फ ५२.३१ प्रतिशत र पूँजिगत तर्फ ४७.६९ प्रतिशत हुने देखिन्छ । उल्लेखित बजेट बमोजिम संचालन हुने योजना तथा कार्यक्रमहरु यसै साथ संलग्न पेश गरेको छु ।

**आदरणीय सभाका अध्यक्षज्यू लगाएत उपस्थित महानुभावहरु,**

यस गाउँपालिकाका बिभिन्न वडाहरुबाट छनौट भई आएका विभिन्न विषय र क्षेत्रका योजनाहरु यथाशक्य समेट्ने प्रयास गरिएको छ । ती मध्ये यस गाउँपालिकाका आम नागरिकहरुको माग र चाहना अनुसार मधुमल्लाबाट रमिते जोड्ने सडक र प्राविधिक शिक्षा र क्याम्पसका लागि केही बढी बजेट बाँडफाँड गरिएको  छ । गाउँपालिकाका योजनाहरुलाई अझै व्यवस्थित गर्न योजना कार्यान्वयनमा सम्बन्धित सबैसंग समन्वय र सहकार्य गरी समयमा नै नतिजा हाँसिल गर्नका लागि प्रभावकारी संयन्त्र बनाई लागू गरिनेछ ।

**आदरणीय सभाका अध्यक्षज्यू लगाएत उपस्थित महानुभावहरु,**

अन्तमा आ.व. ०७५/७६ को बजेट तथा कार्यक्रम र योजना तर्जुमाको प्रक्रियामा आफ्नो सक्रिय सहभागिता जनाई मार्ग निर्देशनका साथै अमूल्य सुझाव गर्नु हुने राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, विषयगत कार्यालय, सरकारी एवं गैर सरकारी संस्था/निकायका प्रमुख एवं प्रतिनिधि, वडा समितिका पदाधिकारी लक्षित वर्गका लगायत विभिन्न समन्वय समितिका पदाधिकारीहरु, राजस्व परामर्श समितिका पदाधिकारीहरु, समाजसेवी तथा बुद्धिजिवीहरु, पत्रकार महानुभावहरु तथा सवै मिडियाका पत्रकारहरु, जेष्ठ नागरिकहरु, वालक्लवका पदाधिकारीहरु लगायत सम्पूर्ण महानुभावहरुलाई हृदय देखि नै धन्यवाद दिन चाहान्छु । त्यसै गरी बजेट तर्जुमामा सहयोग गर्ने गाउँपालिकाका कर्मचारी साथीहरुलाई पनि धन्यवाद व्यक्त गर्दछु । साथै प्रस्तुत वजेट तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सम्पूर्ण राजनैतिक दल, नागरिक समाज, स्थानीय प्रशासन, गैर सरकारी संघ संस्था ,लक्षित समुह तथा आम मिक्लाजुङवासीहरुबाट पर्याप्त साथ, सहयोग र समर्थन रहने अपेक्षा राखेको छु ।

धन्यबाद ।

सरला राई
(उपाध्यक्ष)
**२०७५ असार ०८ गते**

**निर्णय नं. २ :** आ. व. ०७५/०७६ का लागि वडा स्तरीय बजेट सिलिङबाट संचालन गरिने गरी निम्नानुसार योजना तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

## आ.व. ०७५/०७६ का लागि वडा स्तरीय बजेट सिलिङबाट संचालन हुने गरी स्वीकृत गरिएका योजनाहरु :

**वडा स्तरीय योजनाहरु : वडा नं. १**

| क.स. | योजनाको नाम | कुल लागत |
|---|---|---|
| १ | घुर्पा तेर्से गोगने सडक क्रमागत | ५,००,०००। |
| २ | ना.स.के. भवन अधुरो बाइसे बस्ती | १,५०,०००। |
| ३ | सांगुरी भञ्ज्याङ मान्द्रे सडक क्रमागत | २,००,०००। |
| ४ | रचने खा.पा. ट्याङकी निर्माण | ३,००,०००। |
| ५ | देउराली बतासे सडक मर्मत | १,५०,०००। |
| ६ | लावाटार खा.पा. मर्मत | १,००,०००। |
| ७ | साम्बावा खोला पेल्ट्रीक सेट मर्मत | २,००,०००। |
| ८ | खोलेङखा मकरा सडक अधुरो | ११,००,०००। |
| ९ | बुधबारे सार्वजानिक शौचालय निर्माण | २,००,०००। |
| १० | खोलागाउँ बाइसे भञ्ज्याङ सडक | ३,००,०००। |
| ११ | सुके आहाल वरवोटे जलुकेनी सडक अधुरो | २,००,०००। |
| १२ | सेभेन्थडे एडमेन्टीस चर्च गोगेन घेराबारा | १,००,०००। |
| १३ | कृषि तथा पशु कार्यक्रम | ३,००,०००। |
| १४ | खेलकुद | १,५०,०००। |
| १५ | विपद | ५,५०,०००। |
| **जम्मा** | | **४५,००,०००।** |

**वडा स्तरिय योजनाहरु : वडा नं. २**

| क. स. | योजनाको नाम | कुल लागत |
|---|---|---|
| १ | बिहिबारे पुच्छार देखि साखरे जाने बाटो | १०,००,०००। |
| २ | आदिवासी जनजाती सामुदायिक भवन निर्माण साविक टाडि १ तिल्केनी | २,००,०००। |
| ३ | चर्ज/स्याङमी सामुदायिक भवन चर्पी निर्माण | १,००,०००। |
| ४ | युवा तथा वालवालिका मैत्री खेल मैदान निर्माण | १,००,०००। |
| ५ | वडाका वाटाहरुमा होम पाइप खरिद तथा जडान साविक टाडि ६ मा | ५,००,०००। |

| | | |
|---|---|---|
| ६ | साविक टाडि १ बाटो ट्र्याक सुधार | ४,५०,०००। |
| ७ | साविक टाडि ७ बाटो ट्र्याक सुधार | ५,००,०००। |
| ८ | साविक ६ नं. वडा मान ब. मगर को घर उत्तर सामुदायिक सडक सम्म बाटो मर्मत | २,५०,०००। |
| ९ | ढाका बुनाइ तथा कटिङ सिकाई तालिम | १,००,०००। |
| १० | साविक टाडि १ खानेपानी मर्मत | २,००,०००। |
| ११ | साविक टाडि ६ खानेपानी मर्मत | २,००,०००। |
| १२ | साविक टाडि ७ खानेपानी मर्मत | २,००,०००। |
| १३ | मर्मत कोष | ५,००,०००। |
| १४ | व्यावसायिक कृषि तथा पशुपालन तालिम | २,००,०००। |
| **जम्मा** | | **४५,००,०००।** |

**वडा स्तरिय योजनाहरु : वडा नं. ३**

| **क.स.** | **योजनाको नाम** | **लागत** |
|---|---|---|
| १ | बालकल्याण नि.मा.वि. उत्तर पूर्वबाट चुलिपोखरी जाने सडक | १०,००,०००। |
| २ | पुलामी चौक पश्चिम कलभर्ट निर्माण | २,४०,०००। |
| ३ | हाउडे चिहान पश्चिम वोके जाने बाटो | १,००,०००। |
| ४ | जलुकेनि विच सडक | २,७०,०००। |
| ५ | हेड ब. मगरको घर तेर्सो सडक | १,३०,०००। |
| ६ | तटबन्ध तारजाली | १,५०,०००। |
| ७ | दरमान राईको घर हुदै बुढ्यौली चौक सम्म रिङ्गरोड | २,४०,०००। |
| ८ | लक्ष्मि मादेनको घर देखी सुर्यमुखी स्कूल सम्म सडक ग्राभेल | १,८०,०००। |
| ९ | हुम पाइप खरिद | ३,४०,०००। |
| १० | धन कुमार तुम्साको घर ठाडो बाटो | १,००,०००। |
| ११ | किरातेश्वर हाङसाम माङहिम व्यवस्थापन | ४,००,०००। |
| १२ | विपद व्यवस्थापन | २,५०,०००। |
| १३ | मर्मत संभार | १,००,०००। |
| १४ | कृषि तथा पशु तालिम | २,००,०००। |
| १५ | कालिका सा.मा.वि. रंग रोगन | ३,००,०००। |
| **जम्मा** | | **४०,००,०००।** |

**वडा स्तरीय योजनाहरु : वडा नं. ४**

निर्धारित वडागत बजेट सीमा भित्रका आयोजनाका लागि

| प्राथमिकताक्रम | आयोजनाको नाम | अनुमानित लागत | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|
| १ | सेतीखोला खानेपानी ट्याङ्की निर्माण | १५०००० | उपभोक्ता समिति | ३५८ |
| २ | छतरे गाउँ देखि धुम्के सडक ग्राभेल | २५०००० | उपभोक्ता समिति | २१५ |
| ३ | थापा चौक देखि दैतेटार टोड्के जैसीगाउँ सडक स्तरोन्नति | २५०००० | उपभोक्ता समिति | ४२० |
| ४ | हातिमारा देखि क्याम जोड्ने सडक ग्राभेल | ४००००० | उपभोक्ता समिति | ५४० |
| ५ | पंचलाल देखि जनज्योति बोर्डिङ हेन्जन चौक क्याम सडक ग्राभेल | २५०००० | उपभोक्ता समिति | १९७ |
| ६ | हरिसर टोला शिवले सडक मर्मत | ३००००० | उपभोक्ता समिति | ५५३ |
| ७ | भक्त बहादुर टोल देखि मुक्तान टोल ठूलो सफेवा जोड्ने सडक मर्मत | १५०००० | उपभोक्ता समिति | ६१० |
| ८ | साने ढाँडे सडक ग्राभेल | २००००० | उपभोक्ता समिति | ५३२ |
| ९ | छत्रपुर खेलमैदान बाट उत्तर पांग्रे कर्कुसे सडक मर्मत | २५०००० | उपभोक्ता समिति | ८६७ |
| १० | ठूलो ढाँडे खानेपानी अधुरो टंकी निर्माण | १५०००० | उपभोक्ता समिति | ३४६ |
| ११ | जारीवाल टोला देखि खाँकरबारी जाने सडक मर्मत | १५०००० | उपभोक्ता समिति | ५७४ |
| १२ | फेदी चौक देखि सिंधुरे बतासे हुदै रमिते जोड्ने सडक | २००००० | उपभोक्ता समिति | ६७५ |
| १३ | वडा भरीको मर्मत संभार तथा विपद् व्यवस्थापन | ५००००० | उपभोक्ता समिति | ५६८ |
| १४ | होमपमइप खरिद तथा जडान | ३००००० | उपभोक्ता समिति | ३४२ |
| १५ | मिक्लुक जरुवा देखि सफेवा फेदी चौकबाट पंचमी सिमसार जोड्ने सडक मर्मत | १०००००० | उपभोक्ता समिति | ३२६ |

**वडा स्तरीय योजनाहरु : वडा नं. ५**

| क्र.सं. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | धानखेती–बेलटार–ठूलो साम्लिगं हुँदै सानो साम्लिगंसम्म बाटो मर्मत तथा ग्राभेल | १३,००,०००। | |
| २ | जोगिटार लिगें बाटो ग्राभेल | ६,००,०००। | |
| ३ | टोलमा ५० को टन्सिमिटर सहित ४ लाइन बिद्युत जडान सहित बिद्युत बिस्तार योजना | ५,००,०००। | |
| ४ | खोलिटारबाट क्षत्रपुर जाने बाटो मर्मत योजना | २,००,०००। | |
| ५ | ५सोल्टी खोला पुलमुनी खोला तटबन्धन योजना | १,५०,००००। | |
| ६ | लाल वस्ती बृक्षरोपण सहित तटबन्धन योजना | २,००,०००। | |
| ७ | ठूलो गौमती बस्ती तटबन्धन योजना | २,००,०००। | |
| ८ | खेलकुद विकास योजना | १,००,०००। | |
| ९ | आयआर्जन बृद्धि गर्न महिलाहरुका लागि सीपमूलक कार्यक्रम | २,००,०००। | |
| १० | सानो साम्लिगं क्षत्रपुर जाने बाटा | २,००,०००। | |
| ११ | धानखेती खाने पानी मुहान घेराबेरा | १,००,०००। | |
| १२ | योजना अनुगमन तथा विपद व्यवस्थापन | १,५०,०००। | |
| १३ | आँपटार बाटो ग्राभेल | १,००,०००। | |
| **जम्मा** | | **४०,००,०००।** | |

**वडा स्तरीय योजनाहरु : वडा नं. ६**

| क.स. | योजनाको नाम | कुल लागत |
|---|---|---|
| १ | गरीवी निवारण केरा,बेसार खेती लालमाटी खाकरबारी | २,००,०००। |
| २ | उत्पादक मूलक पाडा पाडि पालन शान्ति टोल, कसेनी | २,००,०००। |
| ३ | आम्दानी र रोजगार - बाँध संरक्षणको लागी वाँस र अन्य बृक्षा रोपण बकाहा खोला बाँध संरक्षण, बेतेनी | २,००,०००। |
| ४ | आँपझोला खेल मैदान निर्माण र खेलकुद संचालन | २,००,०००। |

| | | |
|---|---|---|
| ५ | कालीदह रीङरोड सडक ग्राभेल | १,००,०००। |
| ६ | कान्छिचौक लालमाटी सडक ग्राभेल ड्रेन सहित (जम्मा लागत १२,००,०००।) चार लाख उपभोक्ताले व्यहोर्ने । | ८,००,०००। |
| ७ | सडक स्तर उन्नति तथा मरमत सम्भार | ५,००,०००। |
| ८ | बकाहा नुनसरी पूर्बतर्फ खोला नियन्त्रण गरी बृक्षा रोपण गर्ने | १०,००,०००। |
| ९ | सानो बकाहा नियन्त्रण | ५,००,०००। |
| १० | मिक्लु खोला नियन्त्रण | १,००,०००। |
| ११ | सफेवा खोला नियन्त्रण | १,००,०००। |
| १२ | मगर खोला नियन्त्रण | १,००,०००। |
| १३ | ह्युम पाईप खरिद | ५,००,०००। |
| **जम्मा** | | **४५,००,०००।** |

**वडा स्तरीय योजनाहरु : वडा नं. ७**

| क.स. | योजनाको नाम | कुल लागत |
|---|---|---|
| १ | बेलगैडे मलामी टहरा बाटो मर्मत तथा कल्भर्ट संरक्षण | १,७०,००० |
| २ | टाँडी रोड देखि उत्तर रिर्सोट चौक सम्म बाटो मर्मत | १,००,००० |
| ३ | मलामी टहरा मर्मत तथा पानी, शौचालय व्यवस्थापन | २,९०,००० |
| ४ | कृषि मार्ग सिसौली बाटो मर्मत | १,००,००० |
| ५ | गाउँघर क्लिनीक मर्मत | १,००,००० |
| ६ | जयलाल राईको घर देखी चन्द्रमान मुखियाको घर सम्म बाटो मर्मत | १,००,००० |
| ७ | देवीस्थान पर्यापर्यटन विकास | ५,००,००० |
| ८ | वडा नं. ७ मा सार्वजनिक ठाउँहरुमा सडक बत्ती | २,००,००० |
| ९ | मनोहर मा.वि.को पूर्व पट्टीको ठाडो बाटो मर्मत | १,००,००० |
| १० | वडा नं. ७ मा ३६ बिगा तथा बाटोहरुमा कल्भर्ट निर्माण | ४,००,००० |
| ११ | लेखनाथ पुस्तकालय तथा खेलकुद | २,५०,००० |
| १२ | महिलाहरुका लागी ३/३ महिना सिलाई कटिङ तथा उद्घोषण तालीम | ३,४०,००० |
| १३ | कृषि करेसा बारी तथा दलित बर्गलाई आय मुलक कार्यक्रम | २,००,००० |
| १४ | विपद व्यवस्थापन | १,५०,००० |
| १५ | धन बहादुर खडगीको घरदेखि उत्तर मातृका गड्तौलाको घर सम्म ड्रेन निर्माण | १०,००,०००। |
| **जम्मा** | | **४०,००,०००।** |

## वडा स्तरीय योजनाहरु : वडा नं. ८

निर्धारित वडागत वजेट सीमा भित्रका आयोजनाको लागि

| प्राथमिकताक्रम | आयोजनाको नाम | आयोजना संचालन हुने स्थल | अनुमानित लागत | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|

**आर्थिक विकास**

| | | | | |
|---|---|---|---|---|
| १ | कृषि तथा पशु विकासको लागि आवश्यक कार्यक्रम संचालन | वडा भरी | १०,००,०००।- (दश लाख मात्र) | |
| २ | औजार सहितको आरन निर्माण | | १,००,०००।- (एक लाख मात्र) | |
| ३ | वाल उधान केन्द्र निर्माण | | ४,०००,००।- (चार लाख मात्र) | |

**सामाजिक विकास**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | प्लाष्टिक मूक्त वडा घोषणा | वडा | १,५०,०००।- (एक लाख पचास हजार मात्र) | | |
| २ | लक्ष्मी तथा शिव मन्दिरमा घेरावारा | वडा | २,००,०००।- (दुइ लाख मात्र) | | |
| ३ | दुर्गा तथा शिव मन्दिरको सभाहलमा रंगरोगन तथा कुर्षी खरिद | | १,००,०००।- (एक लाख मात्र) | | |
| ४ | खेलकुद कार्यक्रम | वडा ८ | १,००,०००। | | |

**पूर्वाधार विकासः**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | राम्री खोलामा पूल निर्माण | | विस लाख भन्दा माथि | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | वगैचा राम्री खोला हुदैं स्कुल डाडाँसडकसम्म र वगैचा मूलसडक सामूदायिक वन देखि इलामसिमानासम्मको सडक ड्रेनसहित ग्रेभल साझेदारीमा( ६०/४०मा) | | १०,००,०००।- (दश लाख मात्र) | | वडाबाट | |
| ३ | रवि सडक हुदैं प्रवेश कुवँरको घरसम्मको वन सिमानामा पर्ने सडक सडकमा ग्रेभल | | २,००,०००।- (दुई लाख मात्र) | | | |
| ४ | विधुतीकरण | | १,००,०००।- (एक लाख मात्र) | | | |
| ५ | ह्युम पाइप खरिद | | २,००,०००।- (एक लाख मात्र) | | | |
| ६ | यलम्बर चोकमा राउण्ड बोर्ड | | १,००,०००। | | | |

**वातावरण तथा विपद व्यवस्थापन**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | विपद व्यवस्थापन | | १,००,०००।-(एक लाख मात्र) | | | |

**सुशासन तथा संस्थागत विकास**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण तथा कार्यक्रम खर्च | | १,००,०००।- (एक लाख मात्र) | | | |
| २ | कार्यालय व्यवस्थापन खर्च | | १,५०,०००।- (एक लाख पचास हजार मात्र) | | | |

**वडा स्तरीय योजनाहरु : वडा  नं. ९**

| सि.न. | योजनाको नाम | कुल लागत |
|---|---|---|
| १. | पिपलचोकबाट कत्ले जाने बाटोमा दुबै तर्फ ड्रेन निर्माण | १०,००,०००। |
| २. | बकाह खोला तटबन्धन | ५,००,०००। |
| ३. | मावा खोला तटबन्धन | २,००,०००। |
| ४. | विपद व्यवस्थापन | ५,००,०००। |
| ५. | मर्मत सम्हार | ५,००,०००। |
| ६. | पोल खरीद | ३,००,०००। |
| ७. | रत्न सरको घर दक्षिण नाला र २० फुटे बाटो ग्रावेल | १,००,०००। |
| ८. | होम पाईप खरिद | ३,००,०००। |
| ९. | क्षमता बिकाश कार्यक्रम | २,००,०००। |
| १०. | कसेनी जाने सडक तुलसा कार्कीको खेत बाट दिपक तिम्सिनाको घर सम्म सडक ग्राभेल (स्तरउन्ती) | २,००,०००। |
| ११. | मदर ईङलिस स्कुल देखि दक्षिणको बाटो स्तरउन्ती | २,००,०००। |
| **जम्मा** | | **४०,००,०००।** |

**निर्णय नं. ३ :** आगामी आ.व. ०७५/०७६ का लागि गाउँपालिका स्तरबाट संचालन हुने योजना तथा कार्यक्रम र बजेट निम्नानुसार निर्धारण गर्ने निर्णय गरियो ।

**मिक्लाजुङ गाउँपालिकाको लागि आ.व. ०७५/०७६ मा गाउँपालिका स्तरबाट संचालन गरिने स्वीकृत बजेट, योजना तथा कार्यकमहरु :**

| **खर्च** | | **१९,३५,९४,४५०। (विषयगत शाखाको निशर्त तर्फको रकम, कार्यपालिका तर्फको चालु र पूँजिगत तर्फको रकम)** | |
|---|---|---|---|
| सि.नं. | शिर्षक | अनुमानित बजेट सिलिङ | कैफियत |
| १ | चालु खर्च | ४,७४,३०,४५०। | |
| २ | विपद व्यवस्थापन कोष | २०,००,०००। | |
| ३ | मर्मत सम्भार कोष | ४५,००,०००। | |
| ४ | शिक्षा विकास कार्यकम | १,८६,१८,२९०। | |
| ५ | स्वास्थ्य क्षेत्रका कार्यकम | ६३,०९,०००। | |
| ६ | कृषि विकास कार्यकम | ३७,६०,०००। | |
| ७ | पशु विकास कार्यकम | २२,०६,०००। | |
| ८ | महिला तथा बालबालिका तर्फका कार्यकम | १५,५९,०००। | |

| | | | |
|---|---|---|---|
| ९ | साझेदारीका लागि | १,५०,००,०००। | |
| १० | गाउँपालिका गौरवका आयोजनाहरु | २,००,००,०००। | |
| ११ | लक्षित वर्ग कार्यक्रम | ४०,००,०००। | |
| १२ | वडा कार्यालय भवन निर्माण (क्रमागत) | १,२०,००,०००। | |
| १३ | वडा कार्यालय भवन निर्माण, वडा नं. ६,७ र ९ | १,५०,००,०००। | |
| १४ | पूँजिगत अध्ययन तथा परामर्श सेवा | ३०,००,०००। | |
| १५ | खेदकुद विकास कार्यक्रम | ७,००,०००। | |
| १६ | पर्यटकीय क्षेत्र विकास कार्यक्रम | ३०,००,०००। | |
| १६ | बजार व्यवस्थापन कार्य | १८,००,०००। | |
| १७ | सवारी साधन खरिद (चार पाङ्ग्रे र दुई पाङ्ग्रे) | ४५,००,०००। | |
| १८ | फोहोमैला व्यवस्थापन कार्यक्रम | ५,००,०००। | |
| १९ | फर्निचर तथा मेसिनरी औजार | १०,००,०००। | |
